# नयाँ नगरपालिकाहरुका लागि न्यूनतम शर्त तथा कार्यसम्पादन मापन सम्वन्धी अभिमुखीकरण कार्यक्रम

चालू आ.व. २०७३/७४ देखि १५९ नयाँ नगरपालिकाहरु मध्ये पछिल्लो पटक घोषणा भएका २६ नगरपालिका बाहेक १३३ नयाँ नगरपालिकाहरुको न्यनतम शर्त कार्यसम्पादन मापन हुने भएको र बाँकी २६ वटा नयाँ नगरपालिकाहरुको आगामी आ.व. देखि न्यूनतम शर्त कार्यसम्पादन मापन हुने भएकोले सवै नयाँ नगरपालिकाहरुको कार्यकारी अधिकृत र न्यूशकास सम्पर्क व्यक्ति समेत गरी २/२ जनालाई न्यूशकास मापन र कार्यविधिमा भएको व्यवस्था बारे जानकारी दिन स्थानीय निकाय वित्तीय आयोगको सचिवालयले निम्न मिति र स्थानमा नयाँ नगरपालिकाहरुका लागि न्यशकास सम्बन्धि अभिमूखीकरण कार्यक्रम सञ्चालन गरेको छ ।

१. मिति २०७३/८/८ र ९ गते, मध्यमाञ्चल विकासक्षेत्रका ४१ नयाँ नगरपालिकाहरु ( साप फल्चा, बबरमहल, काठमाण्डौमा )
२. मिति २०७३/८/१३ र १४ गते, पूर्वाञ्चल विकासक्षेत्रका ४३ नयाँ नगरपालिकहरु ( विराटनगर उपमहानगरपालिकाको कार्यलयमा)
३. मिति २०७३/८/१६ र १७ गते, मध्यपश्चिम तथा सुदुरपश्चिमाञ्चल विकासक्षेत्रका निम्न ३७ नयाँ नगरपालिकाहरु ( सिद्धार्थ कटेज, नेपालगंजमा )
४. मिति २०७३/८/२० र २१ गते पश्चिमाञ्चल विकासक्षेत्रका निम्न ३८ नयाँ नगरपालिकाहरु ( नगर विकास प्रशिक्षण केन्द्र, बगर, पोखरामा )

उक्त अभिमूखीकरण कार्यक्रम स्थानीय निकाय वित्तीय आयोगको सचिवालयका सदस्य सचिव श्री पुरुषोत्तम नेपाल, उपसचिव श्री विष्णुदत्त गौतम, वित्तीय विज्ञ श्री हेमराज लामिछाने, शाखा अधिकृतहरु श्री शुक्रादेवी राई, श्री चन्द्रा थापा, श्री सुरेश सुनारले यस अभिमुखीकरण कार्यक्रममा सहजीकरण गर्नु भएको थियो ।

अभिमुखीकरण कार्यक्रममा न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको अवधारणा, औचित्यका विषयमा प्रस्तुतीकरण हुनुको साथै प्रत्येक सूचकमा छलफल भएको थियो । नगरपालिकाहरुलाई कार्यविधि बमोजिम काम सम्पन्न गर्नु पर्ने र सम्पन्न भएका कार्यहरुलाई व्यवस्थित रुपमा अभिलेख राख्नुपर्ने कुरामा विशेष जोड दिइएको थियो । यसका साथै नगरपालिकाका कार्यकारीहरु सँग सेवाको गुणस्तर, लेखाको स्रेस्ताको गुणस्तर, समय सीमाको पालना, कानुनी

व्यवस्थाको पालना, जनशक्ति व्यवस्थापन, सूचना प्रविधिको प्रयोग जस्ता विषयमा समेत छलफल भयो ।

उक्त कार्यक्रममा नयाँ नगरपालिकाहरुका कार्यकारी अधिकृतहरुले नगरपालिकालाई कानून बमोजिम तोकिएका कार्य जिम्मेवारीहरु तदरुकताका साथ तोकिएको पक्रिया पूरा गरी सम्पन्न गरेर न्यूशकासमा उत्कृष्ट नतिजा हासिल गर्न प्रतिवद्ध रहेको कुरा अभिव्यक्त गर्नु भएको थियो ।